नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १७६ २०८२ साल माघ २९ गते बिहीबार (12 Feb 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : भ्रष्टाचार नियन्त्रण र सुशासन ... ३ पृष्ठमा : जातीय विभेद गर्नेलाई ... ३ पृष्ठमा : लोकतान्त्रिक सुधारमा ...

# संविधान संशोधन वा पुन:लेखनको बिकल्प छैन : उपेन्द्र यादव




**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकलाई राजनीतिक निकास दिनका लागि संविधान संशोधन वा पुनर्लेखनको बिकल्प नरहेको बताएका छन्।

बुधबार राजविराजमा प्रेस मञ्च नेपाल सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो कुरा बताउँदै मुलुकमा व्याप्त राजनीतिक अन्यौलतालाई समाप्त पार्न तथा संकट हटाउन संविधान संशोधन वा पुनर्लेखनको आवश्यकता छ।

अल्पविकसित मुलुकमा राजनीतिक अस्थिरताले आर्थिक अवस्था सुधन नसकेको तथा विकासले गति लिन नसकेको उदाहरण दिँदै उनले नेपालमा पनि संविधान संशोधन र पुनर्लेखन गरेर सच्चाउन आवश्यक रहेकोमा जोड दिए।

संविधानमा गरिएको समावेशिताको व्यवस्था पछाडी पारिएका तथा सिमान्तकृतहरुलाई उकासनका लागि रहेको भएपनि शासकवर्गले नै त्यसबाट बढी फाइदा लिई रहेको उनको भनाई छ।

मधेशमा ६० प्रतिशत जनसंख्याको ठुलो हिस्सा बसोबास रहेको भएपनि त्यस अनुपातमा निर्वाचन क्षेत्र नरहेको उल्लेख गर्दै उनले भने "यसका लागि पनि संविधान संशोसधन र पुनर्लेखन आवश्यक छ।"

मुलुकमा दलहरुवीच रहेको राजनीतिक द्वन्द्वका कारण पनि समस्या बढेको उनको कथन छ। विगत ३५/३६ वर्ष देखि सरकार बन्ने र ढल्ने खेल चलिरहनाले विकासमा बाधा पर्नुका साथै जनताले पनि परिवर्तनको आभाष पाउन नसेको उनको भनाई थियो।

सप्तरीको निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका उनले जनताको घरदैलोमा जाँदा शिक्षा स्वास्थ्य र कानुनी सहायताको मामिलामा दरिद्रता देखिएको सुनाए। उनले शिक्षा स्वास्थ्य र न्यायको सवालमा राज्यले दायित्व निर्वाह गर्नुपर्नेमा जोड समेत दिए।

"सरकारी स्कूलमा राम्रो पढाई नहुँदा जग्गा बेचेर पढाउने बाध्यता, स्वास्थ्य सेवा सहज नभएको र स-साना कुरामा पनि मुद्दा लड्नु परेको छ" अध्यक्ष यादवले भने "शिक्षा, स्वास्थय र कानुनी सहायताको मामिलामा यो राजनीतिक दरिद्र हुनुपर्ने अवस्था हो"

प्रेस मञ्च नेपाल सप्तरीका अध्यक्ष धर्मपाल राउतको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा संचारकर्मीहरुका संगै पार्टीका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

# एक करोड ५० लाखभन्दा बढी मतपत्र छपाइ

काठमाडौं, २८ माघ (रासस)।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ५३ जिल्लाका ११७ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ।

बुधबारसम्म एक करोड ५० लाखभन्दा बढी मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो। हालसम्म डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, अर्घाखाँची, प्युठान, रुपन्देही र रोल्पा गरी ५३ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो।

***बाँकी अन्तिम पृष्ठमा***

# राष्ट्रिय मुक्ति पार्टीका उम्मेदवार झा रास्वपामा प्रवेश



**दैनिक समाचारदाता**
**जनकपुर, २८ माघ ।**

राष्ट्रिय मुक्ति पार्टी (रामुपा) का केन्द्रीय उपाध्यक्ष तथा धनुषा निर्वाचन क्षेत्र नं. ३ का उम्मेदवार राजिव झा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन्।

बुधबार रास्वपामा प्रवेश गर्दै उनले सोही क्षेत्रका रास्वपाका उम्मेदवार मनिष झालाई समर्थन गर्ने घोषणा गरेका छन्।

राजेन्द्र महतो नेतृत्वको रामुपाबाट 'जाँतो' चुनाव चिह्न लिएर उम्मेदवारी दिएका झाले 'घण्टी' चिह्नका उम्मेदवार मनिष झालाई समर्थन गरेका हुन्।

केही दिनअघि मात्र रामुपाका केन्द्रीय कार्यकारणी समिति सदस्य सञ्जय सिंह, केन्द्रीय सचिव सञ्जय चौधरीसहित धनुषाका अधिकांश नेताहरू पार्टी परित्याग गरी जसपामा प्रवेश गरेका थिए।

# ६ हजार ७ सय ४३ वटा वडामा सञ्चालन हुनेछ मतदाता शिक्षा कार्यक्रम

काठमाडौं, २८ माघ (रासस)।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई थप भव्य र व्यवस्थित बनाउने उद्देश्यका साथ मतदाता शिक्षा विशेष कार्यक्रम सञ्चालन गर्ने भएको छ।

मतदान प्रक्रियालाई सहज, सरल बनाउन, बदर हुने प्रतिशत घटाउनका लागि आयोगले आगामी फागुन ३ गतेदेखि १७ गतेसम्म देशव्यापी रुपमा सो कार्यक्रम सञ्चालन गर्न लागेको हो।

देशभरका ७५३ वटै स्थानीय तहका छ हजार ७४३ वटा वडामा नै एक/एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

स्वयंसेवकले मतदाताको घर, बस्तीमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराउने कार्यक्रम तय भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। आयोगले विगतदेखि नै सबै स्थानीय तहमा एक/एक जना सम्पर्क व्यक्ति तोक्ने गरेको थियो।

सोही सम्पर्क व्यक्तिलाई नै मतदाता शिक्षा कार्यक्रमको अनुमगनकर्ताका रुपमा तोकेको थियो। मतदाता शिक्षाले निर्वाचनमा मतदाताको सहभागिता बढाउनेदेखि बदर मतको अनुपात न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने आयोगको विश्वास छ।

आयोगले मतदाता शिक्षा कार्यक्रमका लागि सातै प्रदेश सरकार, ७५३ वटै स्थानीय तह,

***बाँकी अन्तिम पृष्ठमा***

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### महिला स्वास्थ्यप्रति गम्भिर बनौं

महिलालाई अहिले पनि सन्तान उत्पादन गर्ने मेशिनका रुपमा हेर्ने गरिने आँखाहरु यथावत नै छन्। हुन् त महिलाहरुको स्वास्थ्य स्थिति सुधार्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय अनेकन प्रयासहरु भएकै हुन्। यस्ता प्रयासहरुबाट महिलाको स्थितिमा केही सुधार देखिएको छ तर, सन्तोषजनक भने छैन्। अहिले पनि ग्रामीण क्षेत्रमा महिलाहरुको यौन तथा प्रजनन स्वास्थ्यको अवस्था चिन्ताजनक नै छ। स्वास्थ्य क्षेत्रमा महिलामाथि हुने भेदभाव विरुद्धको अधिकार प्रदान गरेको छ। महिला स्वास्थ्यका क्षेत्रमा नेपाल सरकारले गरेका प्रतिबद्धता र नीति कार्यक्रममहरु सहनीय हुँदाहुँदै पनि महिलाको प्रजनन् स्वास्थ्य अधिकार अधिकारकै रुपमा भने स्थापित हुन सकिरहेको छैन।

सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारको धारामा प्राथमिक स्वास्थ्यय सेवालाई राज्यको दायित्वको रुपमा पहिचान गरेको छ। अहिले पनि हाम्रा समाजमा महिलाले आफ्नो प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि स्वतन्त्र रुपमा निर्णय गर्न सक्ने वातावरण बन्न सकिरहेको छैन। सानै उमेरमा आमा बन्नुपर्ने, धेरै सन्तान जन्माउनुपर्ने, अनिच्छित गर्भधारण गर्नुपर्ने जस्ता बाध्यकारी अवस्थामा कारण नेपालमा अहिले पनि बहसंख्यक महिलाहरु पाठेघरको समस्याबाट प्रभावित हुन्छ।

तसर्थ महिला, किशोरकिशोरी र युवाहरुको प्रजनन् स्वास्थ्यलाई अधिकारका रुपमा स्थापित गरी प्रजनन् स्वास्थ्य सेवामा पहुँच बढाउनु आजको आवश्यकता हो। सूचना शिक्षा तथा ज्ञान प्रदान गर्न राज्यको दायित्व र प्रतिबद्धता हो। यसप्रति सम्बन्धित निकाय र सरकारले ध्यान पुर्‍याउनु आवश्यक रहेको छ।

# भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगले काम गरिरहेका छ : अख्तियार प्रमुख आयुक्त राई

काठमाडौं, २८ माघ (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले मुलुकको शासन–प्रशासनमा विचौलियाको प्रभाव बढ्दै गएकामा चिन्ता व्यक्त गर्नुभएको छ।

आयोगको ३५ औं स्थापना दिवसका अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रममा उहाँले विगत केही वर्षयता साना प्रशासनिक कामदेखि बजेट निर्माण, योजना छनोट, उच्चस्तरीय नियुक्ति, मन्त्री चयन र सरकार परिवर्तनसम्ममा शक्तिशाली विचौलिया सक्रिय हुन थालेको नागरिकको बुझाइरहेको बताउनुभयो। हरेक काममा विचौलिया प्रवृत्तिले राज्य संयन्त्रको स्वायत्तता र सुशासनलाई कमजोर बनाउँदै लगेको उहाँको भनाइ छ।"विगतमा फ्रन्टलाइनबाट सेवा प्रवाह गर्ने सरकारी कार्यालयमा साना खालका काममा सहजीकरणको लागि विचौलियाहरूले काम गर्ने गरेकोमा विगत ५–१० वर्षदेखि बजेट निर्माण, योजना निर्माण, महत्वपूर्ण निकायको नियुक्ति, सरुवा, बढुवा, मन्त्रीहरू नियुक्ति, सरकार परिवर्तनसम्मका कार्यका लागि शक्तिशाली विचौलियाहरूको प्रभाव बढ्दै गएको आम बुझाइ छ", प्रमुख आयुक्त राईले भन्नुभयो, "यीनै विचौलियाले सरकार र सरकारका सबै निकायलाई आफ्नो नियन्त्रणमा लिई तिनकै इशारामा चलाउन थालेको कारण राज्यमा सुशासन कायम हुन नसकेको भन्ने गुनासो आउन थालेको हुँदा राज्य सञ्चालकहरूले सबै क्षेत्रमा विचौलिया निषेध गर्न नसकेमा सुशासन नारामा मात्र सीमित हुने देखिन्छ।"

उहाँले आयोगले संवैधानिक जिम्मेवारी अनुरूप भ्रष्टाचारजन्य कसुरको वस्तुनिष्ठ अनुसन्धान र विशेष अदालतमा अभियोजनलाई निरन्तरता दिएको स्पष्ट गर्दै अब निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिमासमेत जोड दिइएकोसमेत बताउनुभयो।

आयोगले भ्रष्टाचारजन्य कसुरको वस्तुनिष्ठ अनुसन्धान गरी भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्दै आइरहेको उहाँले बताउनुभयो। साथै सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ मा भएको पछिल्लो संशोधनअनुसार भ्रष्टाचारजन्य कसुरबाट आर्जित सम्पत्तिको शुद्धीकरणसम्बन्धी कसुरका अनुसन्धान आयोगले गर्ने भन्ने व्यवस्था भएबमोजिम आयोगले सो कसुरको समेत अनुसन्धान र अभियोजन गर्ने कार्य गर्दै आएको छ। भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगले आफ्नो रणनीतिक योजना तर्जुमा गरी उपचारात्मक कार्यका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक कार्य समेत गर्दै आएको उहाँले बताउनुभयो।

आयोगले 'भ्रष्टाचारमुक्त र सदाचारयुक्त सार्वजनिक क्षेत्र निर्माण'सहितको दूरदृष्टि राखी पाँचौं रणनीतिक योजना (२०८१/८२–२०८५/८६) कार्यान्वयनमा ल्याएको र यसले उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक विधि अवलम्बनमार्फत भ्रष्टाचार न्यूनीकरण गर्ने लक्ष्य लिएको राईले उल्लेख गर्नुभयो। अहिले उच्च जोखिमयुक्त क्षेत्रलाई प्राथमिकतामा राखी अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाइएको उहाँको दाबी छ।

उजुरी व्यवस्थापन प्रणालीमा सुधार, विज्ञ परामर्श, निजी कानुन व्यवसायीबाट बहस पैरवी, सूचना प्रविधिको प्रयोग विस्तार, अनुसन्धानका नवीन विधि र अनुसन्धान अधिकृतको विशिष्टीकृत क्षमता विकासमार्फत अनुसन्धानको गुणस्तर अभिवृद्धि गरिएको पनि प्रमुख आयुक्त राईले बताउनुभयो।

विगत पाँच वर्षमा आयोगमा एक लाख ४८ हजार ५०० उजुरी दर्ता भएका छन्। तीमध्ये एक लाख सात हजार ९१५ अर्थात् ७२.८ प्रतिशत फछ्र्यौट भएको जनाइएको छ। सो अवधिमा ७०० भन्दा बढी मुद्दा विशेष अदालतमा दायर गरिएको छ। आव २०८१/८२ मा १३७ र चालु आवमा हालसम्म ९४ मुद्दा दायर भएका छन्। राज्यकोषको हानीनोक्सानी क्षतिपूर्तिका लागि पछिल्लो पाँच वर्षमा वार्षिक औसत रु चार अर्बभन्दा बढी बिगो मागदावी लिइएको आयोगले जनाएको छ।

आयोगप्रति सर्वसाधारणको विश्वास बढ्दै गएको उल्लेख गर्दै प्रमुख आयुक्त राईले राजनीतिक वा प्रशासनिक जुनसुकै तहका पदाधिकारीविरुद्ध पनि प्रमाणका आधारमा निर्भीकतापूर्वक अभियोजन भइरहेको दाबी गर्नुभयो। सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा समेत आयोगबाट मुद्दा दायर भइरहेका छन्। नेपाल ग्रे–लिष्टबाट बाहिरिनका लागि आवश्यक सुधारात्मक क्रियाकलाप विस्तार गर्ने कार्ययोजनासमेत कार्यान्वयनमा रहेको उहाँले बताउनुभयो।

आयोगमा उजुरी सङ्ख्या बढ्दो क्रममा रहे पनि तथ्यपरक र गुणस्तरीय उजुरीको कमी रहेको प्रमुख आयुक्त राईले औँल्याउनुभयो। छानबिनका क्रममा सम्बन्धित निकायबाट प्रमाण तथा कागजात समयमै र पूर्ण रूपमा नपाउँदा अनुसन्धान लम्बिने समस्या रहेको उहाँले बताउनुभयो। आयोगका अनुसार सार्वजनिक खरिद तथा निर्माण, बजेट विनियोजन, अनुदान वितरण, गैरकानुनी लाभ–हानि, सार्वजनिक सम्पत्तिको क्षति, घुस–रिसवत, नक्कली शैक्षिक प्रमाणपत्र, राजस्व चुहावट र गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी उजुरी बढी छन्।

बहुवर्षीय आयोजनामा न्यून बजेट, पूर्वसम्भाव्यता अध्ययन बिना विनियोजन, मापदण्ड नपुगेका आयोजनामा स्रोत सुनिश्चितता, अबण्डा रकम राखेर वर्षबीच बाँडफाँट गर्ने प्रवृत्ति वित्तीय अनुशासनविरुद्ध रहेको आयोगको निष्कर्ष छ। आयोजना बैंकमा कानुनी प्रक्रिया पूरा भएका आयोजना मात्र प्रविष्ट गर्ने र सोही आधारमा बजेट विनियोजन गर्न तीनै तहका सरकार गम्भीर हुनुपर्ने राईले बताउनुभयो।

खरिद योजनाबिना खरिद, प्रतिस्पर्धा सीमित गर्ने, सोझै खरिद, मेडिकल उपकरण र सूचना प्रविधि सामग्री खरिदमा पूर्वाधारबिना ठूलो लगानी, सञ्चालन योजना नबनाई संरचना निर्माण र प्रयोगविहीन सामग्री थन्क्याउने जस्ता गम्भीर विकृति बढ्दै गएको पनि उहाँले बताउनुभयो। त्यस्तै, ठेक्का व्यवस्थापनमा म्याद थप, निर्देशन अभाव र अभिलेख कमजोरीका कारण राज्यले क्षतिपूर्ति दावीमा ठूलो नोक्सानी बेहोर्नुपरेको औँल्याउँदै सम्बन्धित पदाधिकारीलाई कानुनी जिम्मेवारीमा ल्याउनुपर्ने प्रमुख आयुक्त राईको भनाइ छ।

नदीजन्य पदार्थ, खानी तथा खनिज उत्खननमा मापदण्ड उल्लङ्घन, राजस्व नउठाउने प्रवृत्ति बढेको पनि आयोगको निष्कर्ष छ।

त्यस्तै, भन्सार मूल्यांकन वास्तविक कारोबार मूल्यमा आधारित नभएको, न्यून बिजकीकरण, चोरी पैठारी, अवैध छुटजस्ता कारण राजस्व प्रशासनमा विकृति बढेको राईले बताउनुभयो। भूमि प्रशासनमा सरकारी, सार्वजनिक र वन क्षेत्रको जग्गा न्यून मूल्यमा दीर्घकालीन लिज, अतिक्रमण, हदबन्दी कार्यान्वयन नहुने, गैरकानुनी दाखिल–खारेजजस्ता समस्या देखिएको आयोगले जनाएको छ। यातायात, मालपोत, नापी, राहदानी, वैदेशिक रोजगार र अध्यागमन क्षेत्रमा अझै व्यापक गुनासो रहेको र तीसम्बन्धी उजुरी बढ्दो रहेको आयोगले जनाएको छ।

आयोगले विभिन्न १२ विषयक्षेत्र र २४ मन्त्रालय/निकायलाई ४२८ सुझाव दिएकोमा ती सुझाव कार्यान्वयन सन्तोषजनक नरहेको र उही प्रकृतिका कसुर दोहोरिइरहेको पनि प्रमुख आयुक्त राईको भनाइ छ। "आयोगले दिएका सुझावहरूको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको छैन। बर्सेनि उही प्रकृतिको कसुर र विकृतिहरू दोहोरिरहेका देखिएका छन्। आयोगका सुझावहरूले विकास निर्माण र बजेट कार्यान्वयनमा बाधा पुर्‍याएको भनी जिम्मेवार पदाधिकारीबाट सार्वजनिक टिप्पणी हुने गरेको छ। तर कार्यसम्पादनका क्रममा भएका कमी कमजोरी सच्याउन कानुनी व्यवस्थाहरू पुनःस्मरण गराउने उद्देश्यले दिइएका सुझावहरूबाट विकासमा बाधा पुग्ने होइन, बरु सुशासन कायम गरी विकासलाई थप नतिजामुखी बनाउन सकिन्छ", उहाँले भन्नुभयो, "विधायिकाले निर्माण गरेको कानुनको परिपालना नगर्ने अनि आयोगले सुझाव दिँदा विकासमा बाधा भयो भन्ने भाष्य निर्माण गर्ने प्रवृत्तिको अन्त्य गर्नै पर्दछ। कानुन बनाएपछि त्यसको परिपालना गर्नुपर्छ; परिपालना नगर्ने हो भने कानुन नै बनाउनुहुँदैन। यदि कुनै कानुनले विकासमा बाधा पुर्‍याएको छ भने विधायिकाबाट संशोधन गर्न सकिन्छ।"

# सुख्खाबन्दरगाहमा ६ महिनामा ५७२ रेल्वे र्‍याकमार्फत सामान भित्रियो

पर्सा, २८ माघ (रासस)।

वीरगञ्ज भन्सार कार्यालयमातहतका सुख्खाबन्दरगाहमा चालु आर्थिक वर्षको छ महिनामा ५७२ रेल्वे र्‍याकमार्फत मालवस्तु तथा सामान भित्रिएको छ।

नेपाल इन्टरमोडल यातायात विकास समिति वीरगञ्जका कार्यालय प्रमुख कमल ज्ञवालीका अनुसार भारतीय रेल्वे सेवामा देखापरेको 'हल्टेज'को समस्याको कारणले चालु आवमा रेल्वे र्‍याक आउने क्रममा केही गिरावट आएको छ। गत आवको छ महिनाको तुलनामा चालु आवको छ महिनामा १६ कम रेल्वे र्‍याकमार्फत वस्तु तथा सामान भित्रिएका छन्।

गत आवको छ महिनामा भने ५८८ रेल्वे र्‍याकमार्फत वस्तु तथा सामान भित्रिएको थियो। वीरगञ्जको सुख्खाबन्दरगाहमा भारतको कोलकत्ता र हल्दिया पोर्ट र विशाखापटनम लगायतका बन्दरगाहबाट रेलमार्फत मालसमान ल्याउने गरिन्छ। एक पटकमा रेल्वे र्‍याकमार्फत ४० फुट क्षमताका ४५ कन्टेनरमा मालवस्तु ल्याउन सकिन्छ भने २० फुट क्षमताको भने ९० वटा कन्टेनरमा मालवस्तु ल्याउन सकिन्छ।

नेपाल इन्टरमोडल यातायात विकास समिति वीरगञ्जका कार्यालय प्रमुख कमल ज्ञवालीले गत आर्थिक वर्षको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा रेल्वेर्‍याकमार्फत हुने आयातमा १६ वटा रेल्वेर्‍याकमार्फत कमी आएको बताउनुभयो। चालु आवको साउनमा ९४ र्‍याक, भदौमा ९० र्‍याक, असोजमा १०१ र्‍याक, कात्तिकमा ९१ र्‍याक, मङ्सिरमा ९२ र्‍याक र पुस महिनामा १०४ रेल्वे र्‍याकमार्फत वस्तु तथा सामान ल्याइएको थियो।

गत आवको साउनमा ९९ रेल्वे र्‍याक, भदौमा १०२ वटा, असोजमा ११० वटा, कात्तिकमा ७९ वटा, मङ्सिरमा ९०९ पुसमा १०८ रेल्वे र्‍याकमार्फत वस्तु तथा सामान भित्राइएको थियो। सुख्खाबन्दरगाहमा विशेष गरी स्पन्ज आइरन,रासायनिक मलखाद, जिप्सन तथा फलाम, कोइलालगायतका आयात गर्ने गरिन्छ।

यहाँको वीरगञ्ज भन्सार कार्यालय मातहतको सुख्खाबन्दरगाह सञ्चालन र व्यवस्थापन गर्ने प्रिष्टिन भ्यालीका 'अपरेसन इन्चार्ज' अभिषेक मिश्रले भारतीय रेल्वे प्रणालीमा विगत दुई महिनाअघि देखिएको समस्या अहिले विस्तारै कम हुँदै गइरहेको

बाँकी अन्तिम पृष्ठमा

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जातीय विभेद गर्नेलाई 'नो भोट' अभियान

काठमाडौं, २८ माघ (रासस)।

दलित अधिकारकर्मीहरूले जातीय विभेद गर्ने उम्मेदवार वा कुनै पनि दललाई आसन्न निर्वाचनमा 'नो भोट' अभियान सुरु गर्ने भएका छन्।

दलितमैत्री निर्वाचन राष्ट्रिय अभियानअन्तर्गत मंगलबार पत्रकार सम्मेलन गरेर दलित अधिकारकर्मीहरूले यस्तो जानकारी गराएका हुन्।

दलित गैरसरकारी संस्था महासङ्घ (डिएनएफ) ले गरेको पत्रकार सम्मेलनमा आगामी निर्वाचनलाई दलितमैत्री बनाउनका लागि दलित नागरिक सङ्घ सङ्गठन, पत्रकार, बुद्धिजीवी, अधिकारकर्मी र दलित अभियन्ताहरूले दलितमैत्री निर्वाचन राष्ट्रिय अभियान सुरुआत गरेको जानकारी दिएको छ।

अभियानका तर्फबाट सबै राजनीतिक दललाई घोषणापत्रमा समावेश गरिनुपर्ने दलित सवालबारे सुझावसमेत हस्तान्तरण गरिएको डिएनएफका अध्यक्ष जेवी विश्वकर्माले जानकारी दिनुभयो। उहाँले दलितले मतदान गर्न पाउने नैसर्गिक अधिकारलाई प्रोत्साहन गर्ने र विभेद गरिरहेका कुनै पनि राजनीतिक दल वा उम्मेदवारलाई भने मानवताका आधारमा समेत 'नो भोट' अर्थात् मतदानमा बहिस्कार गर्ने बताउनुभयो।

"समाजमा जसले विभेद गरेको छ त्यस्तो अमानवीय आचरण बोकेको व्यक्ति वा दललाई कसरी भोट हाल्ने ?", अध्यक्ष विश्वकर्माले प्रश्न गर्दै भन्नुभयो, "यस्ता खराब संस्कार बोकेका व्यक्तिविरुद्ध नो भोट अभियान थाल्ने र सही नेतृत्व चयन गर्ने अभियान सुरु गरेका छौँ।"

नेपाल मतदाता अधिकार मञ्चका अध्यक्ष भक्त विश्वकर्माले दलित तथा सीमान्तकृत समुदायका मतदातालाई यतिबेला कसलाई र कसरी भोट दिने भन्ने शिक्षाको जरुरी रहेकाले अभियानमार्फत देशभर पुग्नुपर्ने बताउनुभयो।

अधिकारकर्मी कमला हेमचुरीले प्रतिनिधिसभाको निर्वाचनमा सीमान्तकृत समुदायका मुद्दा जुन पार्टी वा उम्मेदवारले बढी उठान गरेको छ उसैलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो। दलित समुदायको समानताको पक्षमा हुनेछ भन्ने सन्देश पुऱ्याउन आवश्यक रहेको उहाँको भनाइ थियो।

डिएनएफका उपाध्यक्ष सुशील विकले दलितका मुद्दालाई प्राथमिकतामा राख्न अभियानले लामो समयदेखि राजनीतिक दल र उम्मेवारसँग छलफल गर्दै आएको बताउनुभयो। घोषणापत्रमा दलितका मुद्दा उठे पनि कार्यान्वयनसम्म पुग्दा फितलो हुने परिपाटीविरुद्ध अभियान निरन्तर जारी राख्ने उहाँले प्रष्ट पार्नुभयो।

"दलित समुदाय सधैँ भोट बैंकका रूपमा मात्रै प्रयोग भएका छन्, समस्या ज्यूँका त्यूँ छन्", उपाध्यक्ष विकले भन्नुभयो, "अब विभेद गर्नेलाई बहिस्कार गर्ने र समाज रूपान्तरणका नीति ल्याउनेलाई जिताउने अभियानमा लाग्छौँ।"

अभियानले तयार पारेको घोषणापत्रमा दलितमैत्री निर्वाचन हुनुपर्नेमा जोड दिएको छ। यस्तै, निर्वाचनमा प्रत्यक्ष र समानुपातिक दुवैतर्फ गरी न्यूनतम १४ प्रतिशत प्रतिनिधित्वको सुनिश्चिता, घोषणापत्रमा दलित सवाल समावेश, विभेद गर्ने पार्टी, नेता र उम्मेदवार केन्द्रित 'विभेद, नो भोट' को अवधारणा राख्ने उल्लेख छ।

यसैगरी, हरेक पार्टी र उम्मेदवारलाई दलित समुदायले उठाएका सवाल आत्मसात् गर्न र व्यवहारमा उतार्ने वातावरण तयार गर्न र विभेदमा आरोपित व्यक्तिलाई उम्मेदवार नबनाउने सुनिश्चितता, दलित समुदायलाई कुनै पनि किसिमको डर, त्रास नदेखाइ, प्रलोभनमा नपारी स्वतन्त्र रूपमा मतदान गर्ने वातावरणको सुनिश्चिता र निर्वाचनपश्चात घोषणापत्रको कार्यान्वयन भएमात्र निर्वाचनलाई दलितमैत्री भएको मानिने अभियानले प्रष्ट पारेको छ।

राज्यका सबै अङ्गमा समानुपातिक समावेशी सिद्धान्त लागू गर्नुपर्ने, संविधानमा उल्लेखित दलित अधिकारको कार्यान्वयमा जोड दिने, जातीय विभेद र छुवाछूत व्यवहारमै अन्त्य गर्ने राष्ट्रिय रणनीति तयार गरी पर्याप्त स्रोतसाधनको व्यवस्था गर्ने, छुवाछूतसम्बन्धी ऐन संशोधन गरी सजाय बढाउने, 'डिजिटल डिस्क्रिमिनेसन' र असमानताको अन्त्य गर्ने, एकीकृत दलित विकास ऐनको निर्माण गर्नुपर्नेलगायत माग राखिएका छन्।

# बजेट अर्धवार्षिक समीक्षा : प्रदेशको खर्च १४ प्रतिशतमा खुम्चियो

काठमाडौं, २८ माघ (रासस)।

चालु आर्थिक वर्षको आधाभन्दा बढी समय बितिसक्दा पनि प्रदेश सरकारहरूको खर्च अवस्था निराशाजनक देखिएको छ।

अर्थ मन्त्रालयले मंगलबार सार्वजनिक गरेको 'आव २०८२/८३ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन'अनुसार प्रदेशहरूको खर्च निकै कमजोर देखिएको हो।

चालु आवका लागि सातवटै प्रदेशको कुल बजेट रु दुई खर्ब ८७ अर्ब ७० करोड ३३ लाख रहेकामा पुस मसान्तसम्ममा १४ दशमलव १६ प्रतिशत मात्र खर्च भएको देखिएको छ।

प्रतिवेदनअनुसार प्रदेशहरूको चालुतर्फ २१ दशमलव ४३ प्रतिशत र पुँजीगततर्फ नौ दशमलव ३३ प्रतिशत मात्रै खर्च भएको छ। प्रदेशमा वित्तीय व्यवस्थातर्फ विनियोजन भएको रु ९७ करोड ५० लाखमध्ये पुससम्ममा शून्य खर्च देखिएको प्रतिवेदनमा उल्लेख छ।

मधेस प्रदेशमा पुँजीगत खर्च सबैभन्दा न्यून तीन दशमलव ३६ प्रतिशत मात्रै देखिएको छ भने लुम्बिनी प्रदेशमा सबैभन्दा बढी १८ दशमलव ०४ प्रतिशत पुँजीगत खर्च भएको छ। विशेषगरी विकास र संरचनागत रूपान्तरणसँग प्रत्यक्ष जोडिएको पुँजीगत खर्चको अवस्था कमजोर देखिनुले प्रदेशहरूको बजेट कार्यान्वयन क्षमतामाथि समेत प्रश्न उब्जाएको छ।

प्रदेशगत रूपमा बागमती प्रदेश खर्चका हिसाबले तुलनात्मक रूपमा अगाडि देखिएको छ। बागमतीले यस वर्ष रु ६७ अर्ब ४७ करोड ७३ लाख बराबरको बजेट ल्याएकामा पुस मसान्तसम्म कुल बजेटको १४ दशमलव २० प्रतिशत खर्च गरेको छ। यो प्रदेशको चालुगततर्फ २२ दशमलव ४८ र पुँजीगततर्फ आठ दशमलव ९९ प्रतिशत खर्च भएको देखिन्छ।

सबैभन्दा कमजोर प्रदर्शन मधेस प्रदेशको देखिएको छ। मधेसले कुल बजेटको सात दशमलव ७१ प्रतिशत मात्र खर्च गरेको छ। चालु आर्थिक वर्षका लागि रु ४६ अर्ब ९८ करोड ३४ लाखको बजेट ल्याएको यो प्रदेशले पुस मसान्तसम्ममा रु तीन अर्ब ६२ करोड ३६ लाख बराबर मात्रै खर्च गर्न सकिएको देखिएको हो। यो अवधिसम्मको मधेसको चालुगत खर्च १५ दशमलव ५८ र पुँजीगत खर्च तीन दशमलव ३६ प्रतिशत रहेको छ।

कोशी प्रदेशले कुल बजेटको १६ दशमलव ८४ प्रतिशत खर्च गरेको छ। कोशीको चालुगत खर्च २३ दशमलव २३ प्रतिशत, पुँजीगत खर्च नौ दशमलव ९६ प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च शून्य छ। वित्तीय व्यवस्था शीर्षकमा यस प्रदेशले चालु आवका लागि रु १० करोड विनियोजन गरेकामा हालसम्म कुनै पनि रकम खर्च गर्न सकेको देखिँदैन।

गण्डकी र लुम्बिनी प्रदेशको अवस्था पनि खासै उत्साहजनक छैन। गण्डकीले कूल वार्षिक बजेटको १६ दशमलव ६८ प्रतिशत र लुम्बिनीले २० दशमलव ४५ प्रतिशत खर्च गरेका छन्। दुवै प्रदेशमा पुँजीगत खर्च क्रमशः १४ दशमलव १३ र १८ दशमलव ०४ प्रतिशत रहेको छ।

विकासको दृष्टिले पछाडि पारिएका क्षेत्रका रूपमा लिइने कर्णाली र सुदूरपश्चिम प्रदेशको पुस मसान्तसम्मको खर्च क्षमता कमजोर देखिएको छ। चालु आवका लागि कुल रु ३२ अर्ब ९९ करोड ६७ लाख बराबरको बजेट ल्याएकामा हालसम्म रु चार अर्ब ५३ करोड ३४ लाख अर्थात् वार्षिक विनियोजनको १३ दशमलव ७४ प्रतिशत मात्रै खर्च गर्न सकेको छ।

कर्णालीको चालुगत २३ दशमलव ८३, पुँजीगत सात दशमलव ९० प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च शून्यमा खुम्चिएको छ। वित्तीय व्यवस्था शीर्षकमा उक्त प्रदेशले चालु आवका लागि रु ६१ करोड ५० लाख विनियोजन गरेकामा हालसम्म कुनै पनि रकम खर्च भएको देखिँदैन।

सुदूरपश्चिमको खर्च १० दशमलव ९४ प्रतिशत छ। चालु आवका लागि कुल रु ३३ अर्ब ४७ करोड ६० लाखको बजेट ल्याएको उक्त प्रदेशले पुस मसान्तसम्म रु तीन अर्ब ६६ करोड २१ लाख बराबर मात्रै खर्च गर्न सकेको देखिएको हो। सुदूरपश्चिमको चालुगत खर्च प्रगति १९ दशमलव ४७ र पुँजीगत खर्च प्रगति पाँच दशमलव ०८ प्रतिशत छ।

# आर्थिक वृद्धिदर ३.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण

काठमाडौं, २८ माघ (रासस)।

सरकारले मुलुकको आर्थिक वृद्धिदर ३.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ। चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षामा यस्तो प्रक्षेपण गरिएको हो।

चालु आवको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर छ प्रतिशत हुने अनुमान गरिएको थियो। तर धानको उत्पादन, क्षेत्रफल र उत्पादकत्वमा आएको कमी, निर्माण क्षेत्रमा देखिएको सुस्तता र घरजग्गा कारोबारमा आएको गिरावटलगायत कारणले आर्थिक वृद्धिदर ३.५ प्रतिशतमा खुम्चिने गरी अर्धवार्षिक समीक्षामा नयाँ प्रक्षेपण सार्वजनिक गरिएको हो। गत आवमा भने कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर ४.६ प्रतिशत रहेको अनुमान छ।

बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनअनुसार चालु आवको प्रथम त्रैमासिक अवधिमा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा तीन प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ। गत आवको सोही अवधिमा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा यस्तो वृद्धि २.९ प्रतिशत रहेको संशोधित अनुमान छ।

चालु आवको पहिलो त्रैमासमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आवको सोही अवधिको तुलनामा १.३६ प्रतिशतले विस्तार हुने अनुमान छ। विशेषतः धानको उत्पादन घट्ने र पशुपन्छी, तरकारी बाली तथा फलफूल उत्पादनमा वृद्धि हुने अनुमानको आधारमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर तुलनात्मक रूपमा न्यून रहने अनुमान गरिएको छ। चालु आवमा मकै, कोदो, फापरलगायत खाद्यान्न बालीको उत्पादन भने बढ्ने अनुमान छ। गत आवमा धान, गहुँ, मकैलगायत खाद्यान्न बालीको उत्पादन २.६७ प्रतिशत र नगदेबालीको उत्पादन २.०१ प्रतिशतले बढेको अनुमान छ।

चालु आवको पहिलो त्रैमासमा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आवको सोही अवधिको तुलनामा ५.४४ प्रतिशतले विस्तार हुने अनुमान छ। चालु आवमा ऊर्जा र निर्माण क्षेत्रका क्रियाकलापमा विस्तार हुँदा सोको सकरात्मक प्रभाव समग्र उद्योग क्षेत्रमा पर्ने अनुमान छ। चालु आवको पहिलो त्रैमासमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धि १.५२ प्रतिशतले विस्तार हुने अनुमान छ।

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### लोकतान्त्रिक सुधारमा बङ्गलादेशको मतदान

ढाका, २८ माघ (रासस/एएफपी)।

बङ्गलादेशले सन् २०२४ को जनविद्रोहपछि पहिलो संसदीय निर्वाचनसँगै व्यापक लोकतान्त्रिक सुधारसम्बन्धी ऐतिहासिक जनमतसङ्ग्रहमा बिहीबार मतदान हुन गइरहेको छ। उक्त विद्रोहले शेख हसिनाको १५ वर्ष लामो शासन अन्त्य गरेको थियो।

मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले प्रस्तुत गरेको सुधार प्रस्तावलाई 'जुलाई चार्टर' नाम दिइएको छ। ८५ वर्ष पुगेका नोबेल शान्ति पुरस्कार विजेता युनुसले यो चार्टर भविष्यमा निरङ्कुश एक-पार्टी शासनमा फर्किने सम्भावना रोक्न तयार गरिएको बताउनुभएको छ।

चार्टरमा प्रधानमन्त्रीका लागि कार्यकाल सीमा तोक्ने, संसदलाई द्विसदनीय बनाउने, राष्ट्रिय मतका आधारमा १०० सिटको माथिल्लो सदन गठन गर्ने, राष्ट्रपतिको अधिकार बलियो बनाउने तथा न्यायपालिकाको स्वतन्त्रता सुदृढ गर्ने प्रस्ताव समेटिएका छन्। साथै संसद्मा महिलाको प्रतिनिधित्व बढाउने र विपक्षी दलबाट उपसभामुख तथा संसदीय समितिका अध्यक्ष चयन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

मतदातालाई यी संवैधानिक, निर्वाचन तथा संस्थागत सुधारहरू अनुमोदन गर्ने वा नगर्ने विषयमा मत दिन आग्रह गरिएको छ। इन्टरनेसनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम (आइएफइएस) ले यसलाई बङ्गलादेशको लोकतान्त्रिक तथा संवैधानिक व्यवस्थाका लागि महत्त्वपूर्ण मोडका रूपमा व्याख्या गरेको छ।

मतदानपछि पदत्याग गर्ने घोषणा गरिसक्नुभएका युनुसले चार्टरलाई आफ्नो कार्यवाहक प्रशासनको मुख्य उपलब्धि बनाउन चाहनुभएको छ। उहाँले 'हो' मतले नयाँ बङ्गलादेश निर्माणको ढोका खोल्ने बताउनुभएको छ। पूर्व सत्तारूढ अवामी लिगलाई निर्वाचन प्रक्रियामा सहभागी हुन प्रतिबन्ध लगाइएको छ। बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी), जमात-ए-इस्लामी नेतृत्वको गठबन्धन तथा विद्यार्थी आन्दोलनबाट बनेको राष्ट्रिय नागरिक पार्टी (एनसिपी) ले 'हो' मतको समर्थन गरेका छन्। यद्यपि केही दलले चार्टरका केही प्रावधानप्रति असहमति जनाएका छन्।

प्रमुख दलहरूको समर्थनका कारण जनमतसङ्ग्रह पारित हुने आकलन गरिएको छ। तर सर्वसाधारणमा प्रस्तावबारे पर्याप्त जानकारी नपुगेको देखिएको छ। ढाकास्थित आइआइडी नीति अनुसन्धान केन्द्रले गरेको सर्वेक्षणअनुसार ३७ प्रतिशत मतदातालाई मात्र चार्टरको विषयवस्तुबारे जानकारी छ र औपचारिक शिक्षा नभएकामा यो अनुपात आठ प्रतिशतमा सीमित छ।

आइआइडीले सुधार प्रक्रिया बन्द ढोकाभित्र सीमित भएको भन्दै सूचित र समावेशी जनमतसङ्ग्रहका लागि पर्याप्त सार्वजनिक संलग्नता नदेखिएको टिप्पणी गरेको छ। साधारण बहुमतले पारित भएमा जनमतसङ्ग्रहको निर्णय निर्वाचन जित्ने दलहरूका लागि बाध्यकारी हुनेछ। यद्यपि कार्यान्वयनका लागि नयाँ संसद्को अनुमोदन अझै आवश्यक रहनेछ।

### साइबर आक्रमणपछि सुरक्षा कडा गर्ने तयारीमा जापान एयरलाइन्स

टोकियो, २८ माघ (रासस/सिन्ह्वा)।

जापान एयरलाइन्सले आफ्ना बस्तु वितरण सेवाको आरक्षण प्रणालीमा अनधिकृत पहुँच भएको पुष्टि गरेको छ। प्रारम्भिक विवरण अनुसार करिब २८ हजार प्रयोगकर्ताको व्यक्तिगत जानकारी चुहिएको हुन सक्ने अनुमान गरिएको छ। चुहिएको जानकारीमा प्रयोगकर्ताको नाम, ईमेल ठेगाना र फोन नम्बर समावेश छ। यद्यपि, बैंक कार्ड नम्बर, पासवर्ड वा अन्य संवेदनशील विवरण चुहिएको छैन, जसले ठूलो वित्तीय क्षति हुने जोखिम कम गरेको छ।

एयरलाइन्सले यस समस्याको समाधानका लागि बस्तु वितरण सेवा अस्थायी रूपमा बन्द गरेको छ। कम्पनीले यस घटनाले ग्राहक सेवामा असर नगर्ने र अन्य सेवा प्रणालीहरू सुरक्षित रहेको पनि स्पष्ट पारेको छ। घटना सार्वजनिक भएपछि कम्पनीले सुरक्षा मापदण्ड कडा गर्ने, प्रणालीको कमजोरी पहिचान गर्ने र भविष्यमा यस्ता घटना नदोहोरिन सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ।

विशेषज्ञहरूले यो घटनालाई व्यक्तिगत डेटा सुरक्षा व्यवस्थामा सुधारको आवश्यकता भएको उदाहरणका रूपमा लिएका छन्। उहाँहरूको सुझाव अनुसार प्रयोगकर्ताले आफ्ना व्यक्तिगत विवरणहरूको सुरक्षा गर्न सतर्क रहनु आवश्यक छ। साथै, कम्पनीहरूले प्रणालीमा थप प्रविधिक सुरक्षा उपायहरू लागू गर्नुपर्ने चेतावनी पनि दिइएको छ। यो घटनाले व्यक्तिगत डेटा सुरक्षित राख्न कम्पनी र प्रयोगकर्ताबीचको जिम्मेवारीलाई पुनः स्मरण गराएको छ र डिजिटल सुरक्षा सुधारमा ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता देखाएको छ।

### मेक्सिकामा जब्त हतियारमध्ये ७७ प्रतिशत अमेरिका बाटै आएको खुलासा

मेक्सिको सिटी, २८ माघ (रासस/सिन्ह्वा)।

मेक्सिकोले विगत केही वर्षमा करिब १८ हजार वटा अवैध हतियार जब्त गरेको छ, जसमध्ये ७७ प्रतिशत हतियार अमेरिकाबाटै आएका मेक्सिकोका रक्षा सचिव रिकार्डो ट्रेभिल्ला ट्रेजोले मंगलवार जानकारी दिनुभएको छ। प्रेस सम्मेलनमा राष्ट्रपति क्लाउडिया शैनबाउमले यी हतियारहरू कसरी संगठित अपराध समूहको हातमा पुगे भन्ने विषयमा गहिरो अनुसन्धान आवश्यक रहेकोमा जोड दिनुभयो। उहाँले ड्रग तस्करी र सिमापार हतियार तस्करीलाई मेक्सिकोका प्रमुख चुनौतीका रूपमा उल्लेख गर्नुभयो।

उहाँहरूले अपराधिक गिरोहलाई कमजोर पार्न र सुरक्षा चुनौतीहरू सामना गर्न संयुक्त प्रयास र अन्तर्राष्ट्रिय सहयोग अनिवार्य रहेको पनि बताउनुभयो। विशेष रूपमा, अमेरिकासँगको सशस्त्र र सुरक्षा समन्वयलाई अझ सुदृढ बनाउनु आवश्यक रहेकोमा जोड दिइएको छ। यसले अमेरिका र मेक्सिकोबीच सीमा पार हतियारको समस्यालाई फेरि ध्यानाकर्षण गराएको छ, जहाँ अवैध हतियारहरू प्रायः सिमापार भएर गिरोह र तस्करी नेटवर्कमा पुग्ने गरेको देखिन्छ।

# पिएम कप प्रदेश छनोटमा रौतहट बिजयी, फाइनलमा धनुषासँग भिड्ने



**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

राजविराजमा जारि प्रधानमन्त्री कप एकदिवसीय प्रदेशस्तरीय क्रिकेट छनोट प्रतियोगिता अन्तर्गत पहिलो सेमिफाइनल खेलमा रौतहटले आयोजक सप्तरीलाई ७ रनले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ । फाइनलमा रौतहटले धुनाषसँग भिड्ने छ ।

सप्तरी क्रिकेट संघको आयोजनामा बुधबार सम्पन्न पहिलो सेमिफाइनल खेलमा टस जितेर पहिले ब्याटिङ रोजेको रौतहटले ३० ओभरमा सबै विकेट गुमाउँदै १ सय २७ रनको मध्यम योगफल तयार पारेको थियो ।

रौतहटका लागि दानिस अहमदले सर्वाधिक ३८ रनको योगदान दिए भने विजय गुप्ता २०, राहुल यादव १२, बिराट यादव ११ र डब्ली मलिकले १० रन जोडे । सप्तरीका बलर अजय यादवले उत्कृष्ट प्रदर्शन गर्दै ४ विकेट लिएर रौतहटको इनिङ्स धरापमा पारेका थिए । उनलाई पप्पु यादव (बि), अभिषेक कार्की, करण बहादुर बिक, संजिव मण्डल र रोबिन सिंहले समान १/१ विकेट लिएर साथ दिएका थिए ।

एक सय २८ रनको लक्ष्य पछ्याएको सप्तरीले सुरुवातदेखि नै दबाब खेप्नुपरेको थियो । २८ ओभर ४ बलमा सबै विकेट गुमाउँदै सप्तरी १ सय २० रनमै सीमित भयो । रोहन बिकले सर्वाधिक ४४ रन बनाए पनि टोलीलाई जितसम्म पुऱ्याउन सकेनन् । पप्पु यादव (बि) ले १७ रन बनाउँदा भोला साह र नितेश यादव (बि) ले समान १६/१६ रनको योगदान दिएका थिए ।

रौतहटका अरबिन्द बैठाले घातक बलिङ गर्दै ५ महत्वपूर्ण विकेट लिएपछि खेल रौतहटको पक्षमा मोडिएको थियो । उनलाई मोहन घिमिरेले ३ विकेट लिएर बलियो साथ दिए भने राजेश यादव र रियाज शेखले १/१ विकेट हात पारे । उत्कृष्ट प्रदर्शनका लागि अरबिन्द बैठा 'प्लेयर अफ दि म्याच' घोषित भए ।

उता बाराको कलैयामा जारी दोस्रो सेमिफाइनल खेलमा धनुषाले बारालाई ५ विकेटले पराजित गर्दै फाइनल यात्रा तय गरेको छ । प्रतियोगिताको उपाधिका लागि फागुन १ गते बाराको कलैयामा रौतहट र धनुषाबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ ।

सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादवका अनुसार प्रदेशस्तरीय छनोट प्रतियोगिताले स्थानीय प्रतिभावान खेलाडीहरूलाई राष्ट्रिय स्तरमा आफ्नो क्षमता प्रदर्शन गर्ने महत्वपूर्ण अवसर प्रदान गर्नेछ । यस प्रतियोगिताबाट मधेश प्रदेशको टोली छनोट भई आगामी प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउनेछ ।

# चार सय ९३ स्थानीय तहमा एचपिभी खोप अभियान सञ्चालन

काठमाडौँ, २८ माघ (रासस) ।

पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप अभियान ५६ जिल्लाका ४९३ स्थानीय तहमा सञ्चालन गरिएको छ ।

हिमाली र पहाडी भेगका २१ जिल्लाबाहेकका ५६ जिल्लामा ४९३ स्थानीय तहमा खोप अभियान सञ्चालन गरिएको स्वास्थ्य सेवा विभाग बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो । उहाँले खोप अभियान यही माघ २५ गतेदेखि सञ्चालन भएपछि हिमाली र पहाडी क्षेत्रमा जिल्लामा चिसो तथा हिमपात पर्ने भएकाले चैतमा खोप अभियान सञ्चालन हुने बताउनुभयो ।

उहाँका अनुसार कोशीका नौ जिल्लामा ८८ स्थानीय तह, मधेसका आठ जिल्लामा ८५ स्थानीय तह, बागमतीमा १० जिल्लामा ९४ स्थानीय तह, गण्डकीका लुम्बिनीका ११ जिल्लाका ९५ स्थानीय तह, कर्णालीका पाँच जिल्लाका ३१ स्थानीय तह र सुदूरपश्चिम प्रदेशमा आठ जिल्लाका ७० स्थानीय तहमा सुरु गरिएको छ ।

सरकारले कक्षा ६ मा पढ्ने किशोरी र विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका तथा गत वर्षको एचपिभी खोप अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने किशोरी र ११ वर्षदेखि १४ वर्षका विद्यालय बाहिरका किशोरी पाठेघरको क्यान्सरबाट बचाउनका लागि खोप अभियान सञ्चालन गरेको छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस सङ्क्रमण रहेकाले त्यसको विरुद्ध एचपिभी खोप लगाउनुपर्ने हुन्छ ।

शाखा प्रमुख डा गौतमका अनुसार अभियानका क्रममा २० दिनको अभियानमा करिब तीन लाख ५० हजार बालबालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइने छ । नेपालमा महिलामा हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा रहेको देखिन्छ भने क्यान्सरको कारणबाट महिलाको मृत्यु हुनेमा यो क्यान्सर पहिलो स्थानमा रहेको छ ।

# निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने ५१ लाई आयोगले सोध्यो स्पष्टीकरण, ३० वटाको जवाफ

काठमाडौँ, २८ माघ (रासस) ।

केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त ५१ उजुरी प्राप्त भई सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएकोमा ३० वटाको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेद्वार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो । दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत् स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले राससलाई जानकारी दिनुभयो ।

जिल्लास्तरमा निर्वाचन आचारसंहिना उल्लङ्घनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ । निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारवाहीको प्रक्रिया अघि बढाइरहेको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालय क्रियाशील रहेको उहाँले बताउनुभयो ।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोप नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । छोटो समयमै सबै जिल्लामा सरोकारवालालाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिवद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको आयोगले जनाएको छ । जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको पनि जनाइएको छ ।

### एक करोड ५० ...

मङ्गलबारसम्म ४७ जिल्लाको मतपत्र छपाइ सकिएको थियो । बुधबार थप छ जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ । यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उहाँले बताउनुभयो । हालसम्म १३ हजार ३२१ बाकस मतपत्र प्याकिङ भइसकेको छ । हाल दिनमा एक हजार बाकस मतपत्र प्याकिङ र १३ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लाहरूमा पठाइसकिएको आयोगले जनाएको छ ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ ।

प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो ।

# निर्वाचन निष्पक्ष र भयरहित बनाउन सरकारलाई ध्यानाकर्षण

काठमाडौँ, २८ माघ (रासस) ।

राष्ट्रियसभाको आजको बैठकमा सदस्यहरूले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकको शून्य समयमा बोल्दै सांसदहरूले आगामी फागुन २१ गते हुने निर्वाचनका सन्दर्भमा सम्भावित सुरक्षा चुनौतीप्रति गम्भीर बन्न सरकारलाई आग्रह गर्नुभयो ।

सांसद कृष्णबहादुर रोकायाले सुरक्षाकर्मीमाथि भएका आक्रमणका घटनाले निर्वाचनको सुरक्षा व्यवस्थापन र प्रहरीको मनोबलमा नकारात्मक असर पर्नसक्ने भन्दै चिन्ता व्यक्त गर्नुभयो । सांसद पदमबहादुर परियार र विष्णुदेवी पुडासैनीले मतदाताले ढुक्क र शान्तिपूर्ण वातावरणमा मतदान गर्न पाउने सुनिश्चितता गर्न सरकारसँग माग गर्नुभयो । सांसद परियारले गैरआवासीय नेपाली सङ्घ (एनआरएन)को निर्वाचनमा सरकारको भूमिकाबारे प्रश्न उठाउनुभयो ।

सांसद घनश्याम रिजालले निर्वाचन नजिकिँदै जाँदा बजारमा कृत्रिम अभाव र कालोबजारी बढेको उल्लेख गर्दै प्रभावकारी बजार अनुगमन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । शून्य समयमा बोल्दै सांसदहरूले तामाकोसी बस दुर्घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभयो । मृतकका परिवारलाई आवश्यक राहत उपलब्ध गराउन सभामुखमार्फत सरकारसँग माग राख्दै उहाँहरूले घाइतेहरूको उपचारका लागि आवश्यक सबै प्रकारका सहयोग सुनिश्चित गर्न पनि ध्यानाकर्षण गराउनुभयो ।

सांसद रेणु चन्द र श्रीकृष्णप्रसाद अधिकारीले बढ्दो सडक दुर्घटना न्यूनीकरणका लागि सरकार गम्भीर हुनुपर्ने बताउँदै सुरक्षित सडक यात्राका लागि सरोकारवाला सबै पक्षको सक्रियता आवश्यक रहेको उल्लेख गर्नुभयो ।

### सुक्खाबन्दरगाहमा ...

बताउनुभयो । "केही महिनाअघिसम्म भारतको विहार राज्यमा निर्वाचन र चाडपर्वको कारणले पनि रेलसेवा केही प्रभावित भएको थियो", उहाँले भन्नुभयो, "अहिले रेलसेवा केही सहज भइरहेको छ ।" उहाँले कोलकोत्ताबाट मालबाहक सामान बोकेको रेल्वे ऱ्याक वीरगञ्जसम्म आइपुग्न करिब आठ दिन लाग्ने र विशाखापटनमबाट भने करिब १० दिन लाग्ने दाबी गर्नुभयो ।

### आर्थिक वृद्धिदर ...

यही अवधिमा सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि गत आवको सोही अवधिको तुलनामा ३.०३ प्रतिशतले विस्तार हुने अनुमान छ । चालु आवमा थोक तथा खुद्रा व्यापार, वित्तीय मध्यस्थता, सामान्य प्रशासन तथा रक्षा, पर्यटकीय गतिविधि र व्यक्तिगत सेवाका क्रियाकलापमा विस्तार हुँदा समग्र सेवा क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान छ ।

बजेट मध्यावधि समीक्षा प्रतिवेदनअनुसार चालु आवको प्रथम छ महिनाको औसत मुद्रास्फीति १.७ प्रतिशत छ । अघिल्लो वर्षको सोही अवधिमा मुद्रास्फीति ४.९७ प्रतिशत थियो ।

### ६ हजार ७ सय ...

निर्वाचनको प्रतिस्पर्धामा रहेका राजनीतिक दल, उम्मेदवार तथा सञ्चार जगतलगायत सम्पूर्ण सरोरकारवाला सबैलाई आयोगले अनुरोध गरेको छ ।

आमनागरिकलाई मताधिकारको महत्व र मतदानको प्रक्रियाका बारेमा जानकारी दिने लक्ष्यका साथ मतदाता शिक्षा कार्यक्रम अगाडि बढाउन लागेको हो ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*